# माईजोगमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नयाँबजार ईलाम ।

१ न. प्रदेश,नेपाल ।

पत्र संख्या :-२०७४।०७५
च.न :-

मिति २०७५/०१/२६

**सूचना !   सूचना ! !   सूचना ! ! !**

**बिषय : सार्वजनिक सम्पति अभिलेखिकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिकाको स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन गर्न तथा सार्वजनिक सम्पतिहरुको अभिलेखीकरण गर्ने प्रयोजनका लागि आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ बमोजिम गाउँपालिका क्षेत्रभित्रका गाउँ स्तरका सरकारी वा अर्ध सरकारी स्वामित्वका संघ, संस्था, समिति, संरचना, वा निकाय (कृषि तथा पशु सेवा केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आयुर्वेदालय, शिक्षा स्रोत केन्द्र, सामुदायिक विद्यालय, सामुदायिक सिकाई केन्द्र, सामुदायिक सूचना केन्द्र, सामुदायिक पुस्तकालय, सामुदायिक भवन, सरकारी वृद्रआश्रम, खेलकुद सम्बद्ध संरचना, विभिन्न आयोजनावाट सम्पन्न विकास संरचना, सामुदायिक वन, आदि ) गाउँपालिकामा हस्तान्तरण भई सकेको हुँदा यस गाउँ कार्यपालिकाको निर्णय अनुसार उक्त संघ, संस्था, समिति, संरचना, वा निकाय स्थापना तथा संचालन हुँदा प्राप्त भएका चल अचल सम्पतिहरुको विवरण प्रतिवेदन तयार गरि जेठ मसान्त भित्र अनिवार्य रुपमा माईजोगमाई गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ, अन्यथा यस गाउँपालिकाले आवश्यक कारबाही प्रक्रिया अगाडी बढाइने छ, साथै यस गाउँपालिका क्षेत्रभित्रका गैर सरकारी संघ, संस्थाहरु, धार्मिक संघ, संस्था, निजि विद्यालयहरुको चल अचल सम्पतिको विवरण तोकिएको मितिमा अनिवार्य रुपमा पेश गर्नुहुन् समेत अनुरोध गरिन्छ ।

०७५।१।२६

चन्द्र प्रकाश बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

*Phone No.- ०२७-४११०४४, ०२७-४११०५८ Email- maijogmaigaupalika@gmail.com Website: maijogmaimun.gov.np*